मितिः २०८०/०१/२६

श्री माननीय डा. प्रकाशशरण महत
अर्थ मन्त्री
नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाण्डौं,
नेपाल ।

**विषयः जनस्वास्थ्यको रक्षा गर्न र विकास खर्चको लागि दिगो स्रोत जुटाउन सुर्तीजन्य पदार्थमा कर बढाउने सम्बन्धमा ।**

माननीय अर्थ मन्त्रीज्यू,

सर्वप्रथम यहाँले अर्थ मन्त्रीको रुपमा नेपाल सरकार, अर्थ मन्त्रालयको जिम्मेवारी बहन गर्नु भएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छौं ।


माननीय अर्थ मन्त्रीज्यु,

धुम्रपान तथा सूर्तिजन्य पदार्थ मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक छ । यसको सेवनले विश्वमा हरेक वर्ष ८० लाख भन्दा बढि मानिसहरुको मृत्यु हुने गर्दछ । सूर्तिजन्य पदार्थको सेवनका कारण हुने मृत्यु मध्ये ८० प्रतिशत मृत्यु न्यून तथा मध्यम आय भएका मुलुकहरुमा हुने गर्दछ[१] ।

विश्वमा झैं नेपालमा पनि धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग महामारीको रुपमा देखा परेको छ । हाल नेपालमा कुल जनसंख्याको झण्डै २९% मानिस धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन गर्छन[२] भने सूर्तिजन्य पदार्थको सेवनबाट नेपालमा हरेक वर्ष ३७ हजार पाँच सय व्यक्तिहरुको अल्पआयुमै मृत्यु हुन्छ । जुन नेपालमा हुने कुल मृत्युको झण्डै १९.४ % रहेको छ[३] । नेपालमा प्रमुख नसर्ने रोगहरु जस्तै क्यान्सर, हृदयघात, मृगौलारोग, दम, मधुमेह तथा उच्च रक्तचाप आदि रोगहरुको प्रमुख कारण सूर्तिजन्य पदार्थको सेवन हो भन्ने विश्व स्वास्थ्य संगठन (WHO) ले देखाएको छ । यस्ता प्राणघातक पदार्थहरुको सेवनबाट हुने रोगको उपचारका लागि प्रत्येक वर्ष झण्डै ४७ अर्ब रुपैया नोक्सान भैरहेको छ जुन कुल ग्राहस्थ उत्पादनको १.८% भन्दा बढि हुन आउँछ[४] । सूर्तिजन्य पदार्थको प्रयोगबाट हुने त्यस्ता मृत्यु र आर्थिक नोक्सानी रोक्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठन (WHO FCTC) को सदस्य राष्ट्र (२००६) नेपालले सूर्तीजन्य पदार्थको खुद्रा मुल्यमा कम्तिमा ७० प्रतिशत कर लागु गर्नुपर्ने बाध्यकारी व्यवस्थाको पालना गरेको छैन । नेपालले सूर्तीजन्य पदार्थको खुद्रा मुल्यमा दक्षिण एशियाकै सबै भन्दा कम कर (३३ प्रतिशत) लगाएको छ ।


**चित्र १: दक्षिण एसियाली राष्ट्रहरुले चुरोटको खुद्रा मुल्यमा लगाएको करको प्रतिशत**




*Source: Global tobacco index*

सबैभन्दा कम करको कारण नेपालमा संसारकै सस्तो चुरोट पाउछ ।

**चित्र २: विश्वका विभिन्न देशका चुरोटको बिकि मुल्य**





*Source: Global health observatory data repository*

धुम्रपान तथा सूर्तीजन्य पदार्थको सेवन गरिब तथा निम्न आय भएका मानिसहरुले बढि गर्ने भएकाले गरिब झन् गरिब हुदै गरिबीको दुष्चकमा फस्दै जाने निष्कर्ष विभिन्न देशमा भएका अध्ययनहरुले देखाउँछ । गरिबीको रेखामुनि रहेका व्यक्तिहरुले कुल आयको २६ प्रतिशत चुरोटमा खर्च गर्छन भने धनीहरुले १६ प्रतिशत मात्र खर्च गर्ने गरेको तथ्याङ्क छ ।

त्यसर्थ चुरोट सस्तो हुँदा न्युन आय भएका व्यक्तिहरुले सूर्तीजन्य पदार्थको उपभोगमा खर्च गर्दा अन्य आधारभुत आवश्यकताका वस्तुहरुका लागि आम्दानी कम हुने भएकाले तिनलाई बाध्यताबस् छोड्ने वातावरण बनाउन तथा नयाँ समभाबित प्रयोग कर्तालाई निरुत्साहित गर्न सूर्तीजन्य पदार्थमा करको दर बढाउन आवश्यक देखिन्छ ।

**चित्र २: चुरोटमा भएको खर्च आयको प्रतिशतमा**




*Source: The case for investing in WHO FCTC implementation Nepal*

अर्को महत्वपूर्ण कुरा के हो भने यदि चुरोटमा कर बढाइयो भने नेपाली भन्दा विदेशी चुरोट सस्तो हुनगई अवैधरुपमा विदेशी चुरोट नेपाल भित्रिन्छ कि भन्ने झुठो पैरवी गरिन्छ तर वास्तवमा त्यसो नहुने विभिन्न तथ्यहरुले देखाउँछ ।

जस्तै २० खिल्ली भएको सुर्य लाईट /रेड चुरोटको मुल्य नेपालमा रु ३२० पर्छ भने भारतमा त्यस्तै चुरोट ( गोल्ड फ्लेक्स किङ्गस) को मुल्य करिब नेपाली रु ५४४ पर्दछ । तसर्थ कर बढे पनि भारतबाट नेपालमा अवैध रुपमा चुरोट भित्रिदैन भन्ने प्रष्ट हुन्छ । बरु यसको ठिक बिपरित, नेपालबाट चुरोट गैरकानूनी रुपमा भारत निर्यात हुँदै आइरहेको छ। हिन्दुस्तान टाइम्स, डिसेम्बर १७, २०१९ मा प्रकाशित लेख अनुसार नेपालको पश्चिमी नाकासँग जोडिएको भारतको उत्तराखण्ड प्रान्तका विभिन्न भागहरु जस्तैः उद्यमसिंह नगर चम्पावत, पिथौरागढ, खटिमा, झुलाघाट, जौलजीवी तथा धार्चुला इत्यादी ठाउँहरुमा नेपालमा उत्पादन हुने खुकुरी ब्राण्डको चुरोट सस्तो भएकै कारण अवैध रुपमा भारतमा आयात भई बिक्रि बितरण भइरहेको र बजारको ९० प्रतिशत भाग ओगटेको समेत उल्लेख छ ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार सूर्तीजन्य पदार्थको प्रयोग घटाउन तथा राजश्व संकलनमा बृद्धि गर्न सबैभन्दा सजिलो र प्रभावकारी उपाय नै त्यस्ता पदार्थमा लाग्ने करको दर बृद्धि गर्नु हो भनि उल्लेख छ। साथै चुरोटको खुद्रा मुल्यमा १० प्रतिशतले कर बढाउँदा नेपाल जस्तो अति कम विकसित राष्ट्रमा चुरोटको माग तथा उपभोगमा ५ प्रतिशतले कमि आउने समेत उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ। सूर्तीजन्य पदार्थको प्रयोग बढि गर्ने राष्ट्रहरु जस्तैः चीन, थाइल्यान्ड, फिलिपिन्स, ब्राजिल, फ्रान्स आदिमा शतप्रतिशत करको दर बढाउँदा ५० प्रतिशत सम्म उपभोक्ता घटेको देखिन्छ ।

तालिका १: सूर्तीजन्य पदार्थमा कायम अन्तःशुल्क र २०८०/८१ को प्रस्तावित अन्तःशुल्क दर

| कोड | बस्तुको बिबरण | हालको अन्तःशुल्क प्रतिशतमा | प्रस्तावित अन्तःशुल्क % | हालको स्वास्थ्य जोखिम कर | प्रस्तावित स्वास्थ्य जोखिम कर | २०७९/८० को अन्तःशुल्क रु | २०८०/८१ प्रस्तावित अन्तःशुल्क रु | अन्तःशुल्क बृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|
| २४०१.१०.०० | डाँठ नछुट्याएको सूर्ति प्रति केजी रु | करिब २० % | ४० % | ६० रुपैयाँ प्रति केजी | १२० रुपैयाँ प्रति केजी | १३० | २६० | १००% |
| २४०१.२०.०० | डाँठ छुटपाएको सूर्ति प्रति केजी | | | | | १३० | २६० | १००% |
| **चुरोट** | | | | | | | | |
| **कोड** | **बस्तुको बिबरण** | **हालको अन्तःशुल्क %** | **प्रस्तावित अन्तःशुल्क %** | **हालको स्वास्थ्य जोखिम कर** | **प्रस्तावित स्वास्थ्य जोखिम कर** | **२०७९/८० को अन्तःशुल्क रु** | **२०८०/८१ प्रस्तावित अन्तःशुल्क रु** | **अन्तःशुल्क बृद्धिदर %** |
| २४०२.२०.१० | फिल्टर नभएको प्रति एम | **१८%** | **५४%** | ६० पैसा प्रति खिल्ली | रु १ प्रति खिल्ली | ७१० | २८८० | २०० % |
| २४०२.२०.२१ | फिल्टर भएको ७० मि.मि सम्म प्रति एम | | | | | १६३५ | ६५४० | २०० % |
| २४०२.२०.२२ | फिल्टर भएको ७० भन्दा बढि देखि ७५ मि.मि सम्म प्रति एम | | | | | २२२५ | ८९०० | २०० % |
| २४०२.२०.२३ | फिल्टर भएको ७५ भन्दा बढिदेखि ८५ मि.मि सम्म प्रति एम | | | | | २८८० | ९१२० | २०० % |
| २४०२.२०.२३ | फिल्टर भएको ८५ भन्दा बढि प्रति एम | | | | ३९६५ | १५८६० | १ रुपैयाँ प्रति खिल्ली | २०० % |
| २४०२.९०.२० | सबै प्रकारका सिगर प्रति खिल्ली | | | | ३० | १२० | १ रुपैयाँ प्रति खिल्ली | २०० % |

| कोड | बस्तुको बिबरण | हलको अन्तःशुल्क % | प्रस्तावित अन्तःशुल्क % | हालको स्वास्थ्य जोखिम कर | प्रस्तावित स्वास्थ्य जोखिम कर | २०७९/८० को अन्तःशुल्क रु | २०८०/८१ प्रस्तावित अन्तःशुल्क रु | अन्तःशुल्क बृद्धिदर % |
|---|---|---|---|---|---|---|---|---|
| २४०३.११.०० | वाटर पाइप टोव्याक्को प्रति के.जी. | | | | | २००० | ३६०० | |
| २४०३.११.१० | पाइप टोव्याक्को प्रति के.जी. | | | | | २००० | ३६०० | |
| २४०३.१९.२० | चुरोट वा बिडीको लागि प्रशोधित सूर्ति प्रति के.जी. | करिब २० % | ४० % | ६० प्रति केजी | १२० प्रति केजी | ३४३ | ६१७ | ८०% |
| २४०३.९१.०० | समरुपी वा पुननिर्मित सूर्ति प्रति के.जी. | | | | | ४६० | ८२८ | |
| २४०३.९९.१० | जर्दा, खैनी, गुट्खा, निकोटिनयुक्त पान मसला प्रति के.जी. | | | | | ८२१ | १४७८ | |
| २४०३.९९.२० | चुना मिसाइ खाने खुद्रा बिक्रिको लागि प्याकिङ गरिएको | | | | | ४६० | ८२८ | |

त्यसैले सूर्तीजन्य पदार्थको प्रयोगमा न्युनिकरण गरि जनताको स्वास्थ्य सुविधा तथा आर्थिक हित अभिबृद्धि गर्न र देशमा बिद्यमान गरिबी कम गरि दिगो बिकासको मुलभूत उद्देश्य समेत प्राप्त गर्न सूर्तीजन्य पदार्थमा हाल कायम अन्तः शुल्क दर र स्वास्थ्य जोखिम कर परिमार्जन गरि WHO को मापदण्ड अनुसार कम्तिमा ७० प्रतिशत पुऱ्याउनु हुन अनुरोध गर्दछौं ।

आनन्द बहादुर चन्द
**अध्यक्ष**
एक्सन नेपाल

## सन्दर्भ सूचि


1. World Health Organization (2018). Fact sheet on tobacco: Nepal https://apps.who.int/iris/bitstream/handle/10665/272687/wntd_2018_nepal_fs.pdf?sequence=1
2. Nepal STEP Survey 2019: Fact Sheet; Nepal Health Research Council (NHRC) http://nhrc.gov.np/wp-content/uploads/2019/11/National-Factsheet-English-1.pdf
3. Tobacco Taxation –WHO https://www.euro.who.int/en/health-topics/disease-prevention/tobacco/publications/key-policy-documents/who-framework-convention-on-tobacco-control-who-fctc/key-areas-of-tobacco-control-policy/taxation
4. Global Burden of Disease 2019